बागमती गाउँपालिका
ཝྭག་མ་ཏི་ གྲོང་པ་ལི་ཀ་
गाउँ कार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर
बागमती प्रदेश, नेपाल

प.सं. / Lt. No.: २०८२/०८३
चु.नं./ Ref. No. : ४८

मिति/ Date: २०८२/१२/१८
ने.सं. ११४६

## समाजसेवी तथा बाल मनोविज्ञ सूचिकृत हुन आउने सम्बन्धी २१ दिने सार्वजनिक सूचना

प्रस्तुत विषयमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा (६२) नियमावली २०७८ को नियम (८३) बमोजिमको योग्यता भएका समाजसेवी तथा बाल मनोविज्ञले यसै सूचनामा उल्लेखित कागजात तथा व्याक्तिगत विवरण सहित स्थानीय बाल अधिकार समितिमा सुचिकृत हुन यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरीएको छ ।

**आबश्यक योग्यता**

क, नेपाली नागरीक

ख, नैतिक पतन देखिने फौंजदारी अभियोग वा बालबालिका विरुद्धको कसूरमा अदालतबाट कसूरदार नठहरिएमा

ग, असल चरित्र भएको

घ, समाजसेवीको रुपमा सूचिकृत हुनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धीत विषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता तह वा १२ कक्षा उतिर्ण गरेको र सामाजिक कार्य सम्वन्धी विषयमा कम्तीमा १ महिना तालिम प्राप्त गरेको

ङ, बालमनोविज्ञका रुपमा सूचिकृत हुनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान वा सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता प्रमाण पत्र तह वा १२ कक्षा उतिर्ण गरी मान्यता प्राप्त निकाए वा तालिम प्रादायक संस्थाबाट बाल मनोविज्ञान सम्बन्धमा कम्तीमा १ महिने तालिम प्राप्त गरेको ।

**आबश्यक कागजातहरु**

क, नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति — १

ख, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको छाँयाप्रति — १

ग, सम्बन्धित विषयमा तालिम लिएको प्रमाणपत्रको छाँयाप्रति — १

घ, सम्बन्धित व्याक्तिको निवेदन

ङ, पासफोर्ट साइजको फोटो — १ प्रति

२०८२/१२/१८

लोकहरी थापा
**प्रमुख प्रशासकीय अधिकृत**